**नेपाली / *NEPALI***

लागि: सबै विद्यार्थी, संकाय र कर्मचारीहरू
बाट: कुलपति Jennifer L. Mnookin
विषय: नयाँ शैक्षिक वर्षमा स्वागत छ
मिति: सेप्टेम्बर ३, २०२५

आदरणीय क्याम्पस समुदाय:

स्वागत (तथा फिर्ति स्वागत छ) !

*UW–Madison* मा तपाईं भर्खर वा फर्केर आउनुहुँदैछ, शहर वा विश्वको कुनै कुनाबाट भएतापनि, तपाईंहरूलाई यस शैक्षिक वर्षमा स्वागत गर्न पाउँदा म अत्यन्तै खुशी छु।

तपाईंको स्कूलको पहिलो दिन जस्तो केही पनि हुँदैन, सम्भावना र ताजा ऊर्जाले भरिएको। हरेक शैक्षिक वर्षको शुरूवात भनेको हामीले सँगै सिक्ने र पत्ता लगाउने साझा वाचा जस्तै हो, जुन हाम्रो जिज्ञासु, साहसी र नयाँ सम्बन्ध तथा ताजा दृष्टिकोणका लागि खुला हुने प्रतिबद्धताद्वारा एकताबद्ध हुन्छ।

यस शरद सेमेस्टर, हामीसँग लगभग १०,००० नयाँ विद्यार्थीहरू (८,५०० पहिलो वर्षका र १,३०० सरुवा विद्यार्थीहरू) र हाम्रो क्याम्पस समुदायमा नयाँ योगदान ल्याउने १४४ उत्कृष्ट नयाँ संकाय सामेल हुनुहुँदैछ। भर्खरै आउनुहुने र म्याडिसनमा फर्कनुहुने सबैलाई एकदम न्यानो स्वागत !

हालसालैका केही अपडेटहरू:

- हामीले हाम्रो आकर्षक Morgridge Hall को ढोका खोल्यौँ, जुन नवप्रवर्तन र सहकार्य शिक्षाको लागि एक नयाँ केन्द्र हो जसले पहिलो पटक कम्प्युटर विज्ञान, डाटा विज्ञान, सूचना विज्ञान तथा तथ्याङ्कलाई एउटै छानामुनि ल्याएर सम्पूर्ण क्याम्पसलाई सेवा प्रदान गर्नेछ।

- त्यहाँबाट नजिकै, हाम्रो मानविकी विभागको नयाँ घर, Irving and Dorothy Levy Hall, अर्को गर्मीयाममा खुल्ने क्रममा छ र *Union South* को छेउमा रहेको त्यो ठूलो खाली ठाउँमा अत्याधुनिक Philip A. Levy इन्जिनियरिङ केन्द्र यस वर्ष आकाशतिर पुग्न थाल्नेछ।

- हामीले भर्खरै क्याम्पसको दिगो विकासलाई बढाएकोमा *STARS* को स्वर्ण श्रेणी पनि जितेका छौँ – जुन हामीले धेरै वर्षदेखि काम गर्दै आएको उपलब्धिमा पर्न आउँदछ।

- अनि हामीलाई हालसालै 'उत्तम मूल्य' कलेजको रूपमा *The Princeton Review* र *Money Magazine* ले उपाधि दिए र *Center for World University Rankings* ले विश्वका २१,००० विश्वविद्यालयहरू मध्ये हामीलाई ३०औं स्थानमा राखेको छ।

सधैँजसो, हाम्रो उत्कृष्टता हाम्रो गणमा जडित छ – संकाय, कर्मचारी र विद्यार्थीहरू जसले हरेक दिन वास्तविक प्रभावहरू पार्दै हुनुहुन्छ, अङ्ग प्रत्यारोपण प्राप्तकर्ताहरूको लागि जीवनभर *immunosuppressant* औषधिहरूबाट बच्नको लागि

परीक्षण गर्ने तरिकाहरूदेखि लिएर, पृथ्वीमा जीवनको उत्पत्तिको अध्ययन गर्न र – सायद – आकाशगङ्गाको अन्तै तिर, विद्यार्थी उद्यमीहरूका लागि नयाँ मार्गहरू बनाउन, स्वस्थ, दिगो बाली उब्जाउन किसानहरूसँग साझेदारी गर्न, विस्कन्सिनभरि समुदायहरूको सेवा गर्न शिक्षक तथा स्वास्थ्य पेशेवरहरूलाई तयार पार्न र यस्तै धेरै कुराहरूसम्म।

यस कामको साथसाथै, देशभरका अन्य शीर्ष विश्वविद्यालयहरू जस्तै, *UW–Madison* ले पनि हामीलाई लामो समयदेखि परिभाषित गर्ने मान्यताहरूप्रति बढ्दो छानबिनको सामना गरिरहेको छ। यो अनिश्चित समय — हाम्रो क्याम्पस र समग्रमा उच्च शिक्षाको लागि — भएतापनि, हामी नवप्रवर्तन, संलग्नता र नेतृत्व जारी राख्नेछौं। किनभने *Badgers* हरूले गर्ने यही नै हो।

विस्कन्सिन विचारले हामीलाई सम्झाउँछ कि ज्ञान बाँड्यो भने सबैभन्दा शक्तिशाली हुन्छ। हरेक पटक हामीले सहकार्य गर्दा, ज्ञानलाई प्रभावमा परिणत गर्न सँगै काम गर्दछौँ, हामी एक्लैले बनाउन नसक्ने कुरा सँगै बनाएर त्यो आधारभूत विचारलाई सम्मान गर्दछौँ।

त्यसैले, यो तपाईंको *Badger* को रूपमा पहिलो हप्ता वा ४०औँ वर्ष होस्, म आशा गर्दछु कि तपाईंले हाम्रो सुन्दर क्याम्पस वरिपरि हेर्नुहुनेछ, सबै कुरामा रमाउनुहुनेछ र शरद सेमेस्टरको लागि आफ्नो आशाहरूको बारेमा सोच्नुहुनेछ। अनि मलाई आशा छ कि तपाईंले अहिलेसम्म भेट्नु नभएको कुनै व्यक्तिलाई दयालु शब्द वा नमस्कार गर्नुहुनेछ र हामीलाई सामुदायिक सम्बन्ध बनाउन सहयोग गर्नुहुनेछ – एक एक इशाराका साथ।

यस वर्ष हामी हाम्रो १७७ वर्षको उत्कृष्टताको परम्परालाई कसरी बनाउनेछौँ भनेर हेर्न पाउँदा म धेरै उत्साहित छु – सोध्न बाँकी प्रश्नहरूमा, शुरू हुन पर्खिरहेका आविष्कारहरूमा, हामीलाई चुनौती दिने र जोड्ने कुराकानीहरूमा (जस्तै कि *UW–Madison* को छलफल परियोजना वा विचार विमर्श डिनर – मसँग सामेल हुनुहोस्!) र हामीले पार्ने छाप — यस क्याम्पसमा, विस्कन्सिनभरि र यहाँभन्दा बाहिर। साथमा।

*On, Wisconsin!*